# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को संघीयता कार्यान्वयनमा संगठन संरचना, कार्य विवरण तथा कर्मचारी व्यवस्थापन सम्बन्धी प्रतिवेदन

चैत्र, २०७३

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर ।

## १. पृष्ठभूमि

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचनाको व्यवस्था गरेको छ । संविधानमा उल्लेख भए अनुरुप७ (सात) वटा प्रान्त एवं मिति २०७३ फागुन २७ को मन्त्रिपरिषद्को निर्णय अनुसार ४ महानगरपालिका, १३ उप महानगरपालिका, २४६ नगरपालिका एवं ४८१ गाउँपालिका गरी ७४४ स्थानीय तह कायम भएको छ । यसै सन्दर्भमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को संगठन संरचनालाई समेत संघात्मक स्वरुपमा बदल्नु अपरिहार्य हुन आएको छ ।

नेपालको संविधानको अनुसूची ५ को क्रम संख्या ३५ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषय तथा यो संविधान र संघीय कानूनमा नतोकिएको विषय संघको अधिकार सूची अर्न्तगत पर्ने भन्ने प्रष्ट रुपमा उल्लेख भएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको सम्बन्धमा स्पष्ट उल्लेख नभएतापनि नेपालको संविधानको मर्म र भावना अनुकुल प्राविधिक शिक्षा क्षेत्रका विज्ञ समेतको राय सल्लाह एवं सुझावकाआधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको क्षेत्रलाई व्यवस्थित रुपमा संचालन गर्नतीनै तह (संघ, प्रदेश र स्थानीय) मा रहने गरी परिषद्को सांगठनिक संरचना, कार्य विवरण, एवं कर्मचारी व्यवस्थापनको सम्बन्धमा खाका तयार गरी प्रतिवेदन तयार गरिएको छ ।

## २. प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम सम्वन्धमा संविधानमा भएको व्यवस्था

नेपालको संविधानमा नै समाजवाद,सुशासन, दिगो शान्ति र विकासप्रति प्रतिवद्ध व्यक्त गर्दै प्रत्येक नागरिकलाई पेशा, रोजगार र उद्योग व्यापार तथा व्यवसायको स्थापना र संचालन गर्ने स्वतन्त्रता प्रदान गरिएको छ । आर्थिक रुपमा विपन्न वर्ग एवं महिलालाई सकारात्मक विभेदको आधारमा विशेष अवसर प्रदान गर्ने र दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने भनी उल्लेख गरिएको छ ।

संविधानमा उल्लेखित मर्मलाई व्यवहारमा रुपान्तरण गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमको विशेष भूमिका हुन आउँदछ । नेपालको संविधानको तपसीलमा उल्लेखित धारा एवं उपधाराहरुमा उल्लेखित मर्म र भावनाले प्राविधिक शिक्षा एवं तालीमको महत्वलाई थप उजागर गरेको पाइन्छ ।

धारा ३१ (२) मा आधारभूत तह सम्मको प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम निःशुल्क पाउने व्यक्तिको मौलिक हक एवं संवैधानिक व्यवस्थालाई ससम्मान लागू गर्ने ।

धारा ४०(२) मा दलितको हक अन्तर्गत प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।

धारा ४२(३) मा सामाजीक न्यायको हक अन्तर्गत अपा•ता भएका नागरीकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मान पूर्वक जीवनयापन गर्न पाउने र सर्वाजनीक सेवा तथा सुविधामा समान पहू"चको हक हुने छ ।

धारा ५० को उपधारा (१) मा स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्था र उपधारा (२) मा श्रमको सम्मान, उद्यमशीलतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरुको विकास गर्ने ।

धारा ५०(३) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम् परिचालनद्वारा तीव्र आर्थिक बृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न,

धारा५१क(६) मा राष्ट्रिय आवश्यकता अनुरुप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने, क(७) मा पूर्व कर्मचारी, सैनिक र प्रहरी लगायतका पूर्व राष्ट्रसेवकहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्रहितमा समूचित उपयोग गर्ने ।

धारा ५१ (घ)८ राष्ट्रिय अर्थतन्त्रको विकासको लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने

धारा५१(ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति

(१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धा नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने ।

(२) शिक्षा क्षेत्रमा निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने

(७) नेपालको परम्परागत चिकित्सा पद्धतिको रुपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने,

(८) स्वास्थ्य क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने र स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या बृद्धि गर्दै जाने ।

धारा ५१ (झ)श्रम र रोजगार सम्बन्धी नीति

(१) सबैले काम गर्न पाउँने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रम शक्तिलाई दक्ष रव्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने ।

(६) वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप प्रविधि र अनुभवलाई स्वदेशमाउत्पादनमूलमक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने ।

धारा ५१ (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति

(१)असहाय, एकल महिला, जोखिममा परेका पारिवारिक वहिष्करणमा परेका हिंसा पीडित महिला तथा पुरुषहरुलाई सीप, क्षमतामा अभिवृद्धि गरी स्वाबलम्बी बनाई जिविकोपार्जनको लागि समूचित व्यवस्था गर्दै जाने ।

धारा ५१ (७) युवाको शसक्तिकरण र विकासको लागि शिक्षा, स्वास्थ्य रोजगारी लगायतको क्षेत्रमा विशेषअवसर प्रदान गर्दै व्यक्तित्व बिकास गर्ने ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को सम्बन्धमा स्पष्ट उल्लेख नभएतापनि यस संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका नेपाल कानून खारेज वा संशोधन नभएसम्म लागू रहनेछ भनी संविधानको धारा ३०४ मा स्पष्ट उल्लेख गरेको छ । यसर्थ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ द्वारा गठन भएको यस प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् उल्लेखित ऐन संशोधन वा खारेज नहुदाको वखत सम्म कायम रहने छ । माथि उल्लेख भएका संवैधानिक प्रावधानहरुले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमलाई विशेष महत्व दिएको हुदा संघीय संरचना अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमको लागि परिषद्को संरचनालाई संघीय तह देखि स्थानीय तह सम्म व्यवस्थित गर्नअपरिहार्य छ ।

## ३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को वर्तमान अवस्था

### (क) सांगठनिक संरचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ (संसोधन सहित) अनुसार आधारभूत, मध्यम स्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न सुनियोजित रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको व्यवस्था तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्नको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापनभै यसको यसको प्रभावकारी संचालनमा आवश्यक परामर्श, निति निर्धारणमा सहयोग पुर्‍याउनका लागि शिक्षा मन्त्रीज्यूको अध्यक्षतामा २३ सदस्यीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभाको गठन गरिएको छ ।

साथै यसको सुव्यवस्थित र स्तरयुक्त गर्न एवं त्यस्ता तालीम दिने विभिन्न निकायहरु विच समन्वयन कायम गर्न तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्ने कार्यमा सहयोग पुर्‍याउनका लागिशिक्षा मन्त्रीज्यूको अध्यक्षतामा ९ सदस्यीय प्राविधिक शिक्षा एवं व्यावसायिक तालीम परिषद्को गठन भएको छ ।

परिषद् ऐनमा उल्लेखीत उद्धेश्य. परिपूर्तिको लागि तपसिल अनुसार राष्ट्रिय स्तरका समितिहरुगठन गरि कार्य सम्पादन हुदै आएको छ ।

(१)राष्ट्रिय सीप परीक्षण समिति

सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण गर्ने कार्यको लागि राष्ट्रिय सीप परीक्षण समिति मार्फत काम गरिदै आएको छ । यस समितिलाई राष्ट्रिय व्यावसायिक योग्यता प्राधिकरण (National Vocational Qualification Authority)मा क्रमश विकास गर्नको लागि स्वीस विकास नियोगको सहयोगमा केन्द्रीय स्तरमानेपाल व्यावसायिक योग्यता प्रणाली (NVQS)परियोजना संचालन हुदै आएको छ ।

(२) औद्योगिक प्रशिक्षार्थी तालीम समिति

सरकारी तथा गैर सरकारी औBगिक प्रतिष्ठानद्धारा संचालन हुने आधारभूत एवं सीप अभिबृद्धि तालीम कार्यक्रमहरु को लागि आवश्यक पाठ्यक्रम तयार गर्न, त्यस्ता कार्यक्रमहरुको स्तरीकरण गर्न र समन्वय कायम गर्न यस समिति मार्फत काम गरिदै आएको छ । यसै समिति मार्फत स्थानीय तथा औद्योगिक आवश्यकता पहिचान गरि व्यावसायिक तथा औBगिक प्रशिक्षार्थी तालीम (Apprenticeship Training) संचालन गर्ने कार्यको लागि स्वीस विकास नियोगको सहयोगमा केन्द्रीय स्तरमादिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजना(ENSSURE)सुरु गरिएको छ ।

(३) पाठ्यक्रम तथा समकक्षता समिति

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमको पाठ्यक्रम तयार गरी स्वीकृत गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट प्राप्त प्रमाणत्रहरुलाई समकक्षता प्रदान गर्ने कार्य यस समिति मार्फत हुदै आएको छ ।

(४)परीक्षा समिति

प्रविधिक शिक्षा संम्बन्धि परीक्षा संचालन तथा व्यवस्थापनका गर्न यस समिति मार्फत सहयोग हुदै आएको छ ।

(५)प्राविधिक प्रशिक्षण प्रतिष्ठान संचालक समिति

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमको क्षेत्रमा कार्यरत जनशक्तिको दक्षता एवं क्षमता अभिवृद्धिको लागि काम गर्दै आएको प्राविधिक प्रशिक्षण प्रतिष्ठानको संचालनमा सहयोग पुऱ्याउन यस समिति मार्फत सहयोग हुदै आएको छ ।

(६)शिक्षालय संचालक समिति

वहु-प्राविधिक शिक्षालय, शिक्षालय र तालीम केन्द्र संचालनमा सहयोग पुऱ्याउन शिक्षालय संचालन समितिको व्यवस्था गरिएको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को हालको सांगठनिक संरचना अनुसूचि-१ मा उल्लेख गरिएको छ ।

## (ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले प्रदान गर्दै आएका सेवाहरु

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न, सुनियोजित रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको व्यवस्था गर्न तथा सीपको स्तर निर्धारण एवं प्रमाणिकरण गर्नको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ द्वारा स्थापित अविछिन्न उत्तराधिकारवाला स्वायत्त संस्था हो । हाल परिषद् अन्तर्गत १५५ वटा छोटो अवधि, प्राविधिक एस.एल.सी. तहका २५ वटा एवं ४३ वटा डिप्लोमा तथा प्रमाणपत्र तहका पाठ्यक्रमहरु निर्माण भई कार्यक्रमहरु संचालनमा रहेका छन् । राष्ट्रिय सीप परीक्षण समितिबाट विभिन्न तह क्षेत्र गरी २८६ वटा राष्ट्रिय व्यावसायिक सीप प्रमाणिका निर्माण गरी सीप परीक्षण कार्य संचालनमा आइरहेका छन् । त्यस्तै प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमको क्षेत्रमा काम गर्ने जनशक्तिको क्षमता वृद्धिको लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठान मार्फत प्रशिक्षण, व्यवस्थापन, पाठ्यक्रम विकास, सामुदायिक विकास लगायतका विषयहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा छोटो तथा लामो अवधिका तालीम कार्यक्रमहरु संचालन गर्दै आएको छ । साथै उच्च प्राविधिक शिक्षातर्फ ४ वर्षे स्नातक तहका (B.Tec. Ed)कार्यक्रमहरु समेत संचालन गरिरहेका छन् ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद अर्न्तगत हाल केन्द्रीय स्तरमा परिषद् केन्द्रीय कार्यालय, प्राविधिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय सीप परीक्षण समिति र परीक्षा नियन्त्रण कार्यालय गरी ४ बटा कार्यालयहरु रहेका छन् । साथै क्षेत्रीय स्तरका कार्यसम्पादनका लागि पूर्व, मध्य र पश्चिम क्षेत्रमा गरी ३ बटा क्षेत्रीय कार्यालयहरु रहेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम कार्यक्रम अर्न्तगत कार्यक्रम संचालनको लागि २१ आंगिक, ५ साझेदारी, ७६ सामुदायिक विBालयमा प्राविधिक शिक्षा कार्यक्रमर ६०० को संख्यामा निजीस्तरमा सम्वन्धन प्राप्त शिक्षालयहरु

रहेका छन् । यसै गरी १२ बटा वहुप्राविधिक शिक्षालयहरु निर्माण सम्पन्नभै कार्यक्रम संचालनको अवस्था रहेका छन् भने वाकी १२ बटा वहु/प्राविधिक शिक्षालयहरु स्थापनाका लागि सम्भाव्यता अध्ययन एवं विस्तृत डिजाईनको क्रममा रहेका छन् ।

हाल संचालनमा रहेका, निर्माण सम्पन्नभै कार्यक्रम संचालनको अवस्थामा रहेका र सम्भाव्यता अध्ययन एवं विस्तृत डिजाइन कार्य भएका वहु /प्राविधिक शिक्षालयहरुको विवरण अनुसूचि -२ मा उल्लेख गरिएको छ ।

## (ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को केन्द्रीय स्तरमा संचालन भएका परियोजनाहरु

प्राविधिक शिक्षा तथा व्यवासयिक तालीमको विकास र विस्तारको लागि हाल परिषद् अर्न्तगतकेन्द्रीय स्तरमा तपसील बमोजिमका परियोजनाहरु वैदेशिक निकायहरुको सहयोगमा संचालनमा रहेका छन् । (नेपालको संविधानको अनुसूची ५ क्रमसंख्या ५)

१. सीप बिकास परियोजना (एशियाली बिकास बैंक) (सन् .... देखि .... )

२. दिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजना (स्वीस विकास नियोग) (सन् .... देखि .... )

३. नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (स्वीस विकास नियोग) (सन् .... देखि .... )

४. TVET Practical Partnership Project(युरोपियन युनियन)(सन् २०१७ देखि .... )

## (घ)परिषद्मा हाल रहेको जनशक्तिको अवस्था

परिषद्ले अंगिकार गरेको लक्ष्य र उद्धेश्य पुरा गर्नको लागि केन्द्रीय स्तरमा रहेका परिषद् केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, राष्ट्रिय सीप परीक्षण समिति र प्राविधिक प्रशिक्षण प्रतिष्ठानएवं क्षेत्रीय स्तरमा संचालनमा रहेका कार्यालयहरुको लागि २९८ दरवन्दी स्वीकृत भएको छ । त्यसैगरी परिषद् अर्न्तगत स्थानीय तहमा संचालनमा रहेका बहु- प्राविधिक शिक्षालय, प्राविधिक शिक्षालय तथा व्यवसायिक तालीम केन्द्रहरुको लागि ६३४ गरी कुल स्वीकृत दरवन्दी संख्या ९३२ रहेको अवस्था छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमको विकास र विस्तार गर्ने क्रममा नेपाल सरकारको आफ्नै लगानी र वैदेशिक सहयोगमा स्थापना भएका बहु प्राविधिक शिक्षालय समेतमा कार्यक्रम संचालनको लागि विBमान उक्त दरवन्दी संख्याबाट अपुग हुने भएकोले परिषद्को निर्णय अनुसार ७६२ को संख्यामा आ.व. २०६८।०६९ मा नेपाल सरकार समक्ष थप दरवन्दी माग गरि पठाईसकेको अवस्था छ।

परिषद् सेवामा काम गर्ने कर्मचारीको सेवालाई प्रशासन र प्राविधिक समूह गरी दुई समूहमा विभाजन गरिएको छ । केन्द्रीय स्तरमा रहने कार्यालय (क्षेत्रीय कार्यालय समेत) र वहु/प्राविधिक शिक्षालय, तालीम केन्द्रहरुमा रहेको दरवन्दी संख्यालाई छुट्टा छुट्टै तहगत रुपमा अनुसूचि-३ मा प्रस्तुत गरिएको छ।

# ४. संघीय संरचनामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को प्रस्तावीत ढांचा

## ४.१ संघीय तहमा रहने ढांचा

राष्ट्रको प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम विकास, विस्तार तथा व्यवस्थापनको निर्दिष्ट लक्ष्य हासिल गर्न संघीय तहमा एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् रहने छ। परिषद् केन्द्रीय कार्यालयका अतिरिक्त केन्द्रीय तहमा परीक्षा नियन्त्रण कार्यालय(OCE), राष्ट्रिय सीप परीक्षण समिति (NSTB) र प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) लाई प्रस्तावित संघीय संरचनामा क्रमशः राष्ट्रिय प्राविधिक परीक्षा वोर्ड (NTEB), राष्ट्रिय सीप परीक्षण समिति (NSTB) र प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) लाई संघीय रुपमा रुपान्तरण गरिनेछ ।

### ४.१.१संघीय तहको प्रमुख कार्य विवरण

१. प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम सम्बन्धि राष्ट्रिय नीति, रणनीति एवं दीर्घकालीन योजना तर्जुमा गर्ने।
२. प्राविधिक तथा व्यावसायिकशिक्षा एवं तालीमका पाठ्यक्रमहरुको प्रारुप तयार गर्ने।
३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट प्राप्त प्रमाणत्रहरुलाई समकक्षता प्रदान गर्ने।
४. राष्ट्रिय स्तरमा श्रम वजार सर्भेक्षण गर्ने, कायम गरीप्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम सम्बन्धी अध्ययन अनुसन्धान गर्ने।
५. राष्ट्रिय स्तरमा प्राविधिक जनशक्तिको आवश्यकता प्रक्षेपण गर्ने।

६. आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक मापदण्ड तयार गर्ने ।

७. परीक्षा संचालन तथा व्यवस्थापनका लागि राष्ट्रिय तहमानिर्देशिका /मापदण्ड तयार गर्ने

८. विद्यार्थीहरुको रजिष्ट्रेशन गर्ने, उर्तिण विBार्थीको मूल प्रमाण पत्र जारी गर्ने, प्रमाणपत्र प्रमाणिकरण गर्ने ।

९. प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमको क्षेत्र र स्तर निर्धारण गर्ने ।

१० विभिन्न सरकारी, अर्ध सरकारी, गैह्र सरकारी तथा निजी निकायहरुबाट संचालित कार्यक्रमहरु बीच समन्वय गर्ने, गराउने ।

११ प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीममा कार्यरत जनशक्तिको दक्षता एवं क्षमता अभिवृद्धिको लागि मापदण्ड विकास गर्ने, पाठ्यक्रम तयार गर्नेतालीम संचालन गर्ने, गराउने ।

१२. प्रशिक्षक प्रशिक्षण अनुमति पत्र सम्बन्धीराष्ट्रिय नीति तर्जुमा गरी मापदण्ड तयार गर्ने, प्रशिक्षण अनुमति पत्र प्रदान गर्ने ।

१३. संस्था सम्बन्धन प्रकृया सम्बन्धी राष्ट्रियनिर्देशिका /मापदण्ड तयार गर्ने ।

१४. शिक्षण संस्था तथा कार्यक्रमहरुको अनुगमन, मूल्यांकन निर्देशिका /मापदण्ड तयार गर्ने ।

१५. शिक्षण संस्थाहरुको स्तरीकरणको लागि निर्देशिका /मापदण्ड तयार गर्ने ।

१६. राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायसँग समन्वय गर्ने ।

१७. सीपको वर्गिकरण, स्तर निर्धारण, परीक्षण तथा प्रमाणिकरण निर्देशिका/मापदण्ड तयार गर्ने ।

१८. राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप (National Vocational Qualification Framework)तयार गर्ने

१९. लक्षित वर्गलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको मुल प्रवाहमा समावेश गर्न नविनतम ज्ञान र सिपमा आधारित परियोजनाहरुको प्रारुप तयार गर्ने ।

२०. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसंग समन्वय गरी श्रोतको व्यवस्थापन र परिचालन गर्ने

२१. प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम संचालनको स्वरुप निर्धारण गर्ने ।

२२. नेपाल सरकारलाई प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम विकास, विस्तार एवं संचालनको लागि आवश्यक परामर्श दिने ।

### ४.१.२ संघीय तहमा रहने संगठनतालीका

राष्ट्रको प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम विकास, विस्तार तथा व्यवस्थापनको निर्दिष्ट लक्ष्य हासिल गर्न संघीय तहमा एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् रहने छ । परिषद् ऐनमा रहेको प्रावधान अनुरुप नीति निर्माण तहमा कार्य गर्न नेपाल सरकारबाट नियुक्त बिशिष्ट श्रेणीका उपाध्यक्ष र प्रमुख प्रशासकीय पदाधिकारीको रुपमा बिशिष्ट श्रेणीको सदस्य-सचिव रहने व्यवस्था छ । परिषद्को लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि

गर्नुपर्ने कार्य सम्पादन गर्न विभिन्न महाशाखा एवं शाखाहरु रहने छन् ।संघीय तहमा रहने संगठन तालीकालाई अनुसूचि-४ मा उल्लेख गरिएको छ ।

### ४.१.३ संघीय तहमा रहने जनशक्तिको संख्या

हाल केन्द्रीयस्तरमा रहेका परिषद् केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, राष्ट्रिय सीप परीक्षण समिति र प्राविधिक प्रशिक्षण प्रतिष्ठानलाई प्रस्तावित संघीय संरचनामा रुपान्तरण गरिनेछ । केन्द्रमा रहने उक्त कार्यालयहरुका साथै क्षेत्रीयस्तरमा रहेका ३ बटा कार्यालयहरुको लागि स्वीकृत दरवन्दी २९८ संख्याबाट संघीय संरचना अनुसार कायम हुने संघीय कार्यालयहरुको लागि आवश्यक संख्या१६०कायम गरी बाँकी हुने १३८ दरबन्दीलाई प्रादेशिक कार्यालयहरुमा समायोजन गरिने छ । संघीय तहमा रहने जनशक्तिको तह तथा श्रेणीगत संख्यालाई अनुसूचि-५ मा उल्लेख गरिएको छ ।

## ४.२ प्रादेशिकतहमा रहने ढांचा

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम विकास, विस्तार एवं कार्यान्वयनका लागि प्रत्येक प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को ७ (सात) बटा प्रादेशिक कार्यालयहरु रहने छ । हालको संरचना अनुसार परिषद् अर्न्तगत रहेका तिन (३) बटा क्षेत्रीय कार्यालयहरुलाई प्रादेशिक कार्यालयका रुपमा रुपान्तरण गरिने छ भने वांकी चार (४) वटा प्रदेशमा प्रादेशिक कार्यालय स्थापना गर्नुपर्ने देखिन्छ । संघीय संरचनापछि केन्द्रमा रहेका परिषद् केन्द्रिय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, राष्ट्रिय सीप परीक्षण समिति र प्राविधिक प्रशिक्षण प्रतिष्ठान परिषद्को प्रादेशिक संरचनामा संचालन हुनेछन् ।

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम परिषद्को प्रदेशिक कार्यालयहरु व्यवस्थित एवं प्रभावकारी रुपमा संचालनको लागि आवश्यक नीति, निर्देशन एवं परामर्श दिन प्रत्येक प्रदेशमा निर्वाचीत जनप्रतिनिधिहरु समेत संलग्न हुने गरी प्रदेशिक वोर्ड गठन गरीने छ ।

4=2=1 k|b]z txsf] k|d"v sfo{ lj/)f

१. प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम सम्बन्धि प्रादेशिक नीति, रणनीति र कार्यनीति बनाई लागू गर्ने ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामाग्री तयार गरी लागू गर्ने ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम प्रदायक संस्थालाई सम्बन्धन दिने ।
४. आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक शिक्षा संचालन गर्ने, गराउने ।

५. स्थानीय तथा औद्योगिक आवश्यकता पहिचान गरि व्यावसायिक तथा औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship Training)संचालन गर्ने ।

६. परीक्षा संचालन गर्ने, गराउने तथा नतिजा प्रकाशन गरी लव्धाङ्क पत्र उपलब्ध गराउने ।

७. सीप परीक्षण गर्ने, गराउने ।

८. प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीममा कार्यरत जनशक्तिको दक्षता एवं क्षमता अभिवृद्धिको लागि तालीम संचालन गर्ने ।

९. प्रशिक्षक प्रशिक्षण अनुमति पत्रका लागि परीक्षा संचालन एवं नतिजा प्रकाशन गर्ने ।

१०. संस्था एवं कार्यक्रमहरुको अनुगमन, मूल्यांकन गर्ने, गराउने ।

११. शिक्षण संस्थाहरुको स्तरीकरणगर्ने ।

१२. प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम प्रदायक संस्था एवं अन्य सरोकारवालाहरु विच समन्वय गर्ने ।

१३. श्रम वजार सर्भेक्षण एवं संचालित कार्यक्रम सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने ।

१४. कार्यक्रम संचालनका लागि श्रोत साधन जुटाई परिचालन गर्ने ।

१५. श्रम बजार सूचना प्रणाली (LMIS)र तालीम व्यवस्थापन सूचना प्रणाली (TMIS) स्थापना एवं अध्यावधिक गर्ने ।

१६. रोजगार बजार समन्वय, रोजगारी परामर्श, वृति परामर्श, चेतनामूलक कार्यक्रम तथा रोजगार मेला संचालन गर्ने गराउने ।

१७. लैगिक समानता, सामाजिक समावेशीकरण (GESI)को विकास विस्तार गर्ने गराउने ।

१८. प्रान्तिय सरकारलाई प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम विकास, विस्तार एवं संचालनको लागि आवश्यक परामर्श दिने ।

## ४.२.३प्रदेश तहमा रहने संगठन तालीका

प्रदेशतहमा सम्पादन गर्नुपर्ने कामको लागि अनुसूचि-६ मा उल्लेख भए अनुसारको संगठन तालीका ७ बटै प्रदेशमा रहने छ ।

## ४.२.२ प्रदेश तहमा रहने जनशक्तिको प्रस्तावित विवरण

प्रदेश तहमा सम्पादन गर्नुपर्ने कार्यको लागि प्रस्तावीत संगठन तालीका अनुसार एक प्रदेशमा विभिन्न तह र श्रेणीमा गरी जम्मा ७१ को संख्यामा जनशक्तिको आवश्यकता हुन आउने देखीन्छ । जस अनुसार सात वटै प्रदेशको लागि आवश्यक जनशक्तिको कुल संख्या ४९७ हुन आउछ । हालको संरचना अनुसार केन्द्रीय तहमा संचालन हुदै आएका परिषद् कार्यालय र अन्य कार्यालयहरुलाई संघीय संरचना अनुसार संघीय कार्यालयमा रुपान्तरण भएपछि वन्ने सांगठनिक

संरचना अनुसार जनशक्तिको व्यवस्थान पछि वाकी रहन आउने १३८ जनशक्तिलाई प्रदेश तहमा समायोजन गरीने छ । समायोजन पछि नपुग हुन आउने जनशक्तिको संख्या ३५९ रहने छ । प्रदेश तहमा रहने जनशक्तिको तह तथा श्रेणीगत संख्यालाई अनुसूचि-७ मा उल्लेख गरिएको छ ।

## ४.३ स्थानीय तहमा रहने ढांचा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले अंगिकार गरेका लक्ष्य प्राप्तीका लागि हाल संचालनमा रहेका बहु प्राविधिक शिक्षालय, प्राविधिक शिक्षालय तथा व्यवसायिक तालीम केन्द्रहरु स्थानीय तह अर्न्तगत संचालन हुनेछन् ।स्थानीय तहमा संचालन हुने बहु प्राविधिक शिक्षालय, प्राविधिक शिक्षालय तथा व्यवसायिक तालीम केन्द्रहरुको नामावली अनुसूचि -२ मा उल्लेख गरिएको छ ।

### ४.३.१स्थानीय तहको प्रमुख कार्य विवरण

१. स्थानीय आवश्यकता एवं श्रम वजारको माग अनुसारका प्राविधिक तथाब यावसायिक शिक्षा एवं तालीम कार्यक्रमहरु संचालन गर्ने ।
२. स्थानीयश्रोत र साधनको परिचालन गर्ने ।
३. परम्परागत सीपयुक्त जनशक्तिको स्तर पहिचान गर्ने ।
४. परीक्षा संचालन गर्ने
५. शिक्षण प्रशिक्षणका कार्यहरु संचालन गर्ने ।
६. सीप परीक्षण गर्ने ।
७. स्थानीय तहमा संचालित कार्यक्रमहरु सम्वन्धि तथ्याङ्क अद्यावधिक गर्ने
८. संघीय एवं प्रादेशिक कार्यालयको अध्ययन अनुसन्धान, पाठ्क्रम निर्माण, आदि कार्यक्रमहरुमा आवश्यक सहयोग गर्ने ।

### ४.३.२ स्थानीय तहको सांगठनिक संरचना

स्थानीय तहमा संचालन हुने संस्थाहरु हाल भइरहेको सांगठनिक संरचना अनुसार हुनेछन । जसमा क्रमश बहु प्राविधिक शिक्षालयमा अधिकृत स्तर प्रथम श्रेणी, प्राविधिक शिक्षालय र व्यवसायिक तालीम केन्द्रहरुमा अधिकृत तृतीय श्रेणीका अधिकृत शिक्षालय प्रमुख रहनेछन् ।


स्थानीय तहमा संचालित बहुर प्राविधिक शिक्षालय रव्यावसायिक तालीम केन्द्रहरुको प्रभावकारी संचालनको लागि आवश्यक नीति, निर्देशन एवं परामर्श दिन मौजुदा संचालक समितिलाई समय सापेक्ष परीमार्जन गरिनेछ। स्थानीय तहको संगठनिक संरचना अनुसूचि -८ मा उल्लेख गरिए अनुसार हुने छ ।

### ४.३.२ स्थानीय तहमा रहने जनशक्तिको प्रस्तावित विवरण

बहुप्राविधिक शिक्षालय, प्राविधिक शिक्षालय, व्यावसायिक तालीम केन्द्र स्थानीय तहमा संचालन हुनेछन् । स्थानीय तहमा संचालन हुने कार्यक्रम अनुसार गठन हुने सांगठनीक संरचनाको लागि आवश्यक जनशक्ति १३९६ हुनुपर्नेमा हालको स्वीकृत दरवन्दी संख्या अनुसार ६३४ कार्यरत रहेको अवस्था छ । अतः नपुग हुन आउने संख्या ७६२ रहेको छ। नपुग हुन आउने संख्यालाई यस अघिनैनेपाल सरकारसंगस्वीकृतीको लागि अनुरोध गरी पठाईसकेको छ ।स्थानीय तहमा रहने जनशक्तिको प्रस्तावित विवरण अनुसूचि -९ मा प्रस्तुत गरिएको छ ।

# अनुसूचि

अनसूचि १:संरचना


प्रविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
(संरचना)
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभा
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
राष्ट्रिय सीप परीक्षण समिति
औद्योगिक प्रशिक्षार्थी तालीम समिति
अन्तर परिषद् समन्वय समिति
समकक्षता तथा मान्यता समिति
पाठ्यक्रम विकास समिति
परीक्षा समिति
प्राविधिक प्रशिक्षण प्रतिष्ठान संचालक समिति
सम्बन्धन सम्बन्धी सल्लाहकार समिति
प्रदेशिक .....(प्रस्तावित)
शिक्षालय संचालक समिति व्यवस्थापन

अनुसूचि २

**(क) हाल संचालनमा रहेका आंगिक शिक्षालयहरुको विवरण:**

| सि.नं. | शिक्षालयको नाम |
|---|---|
| १. | बालाजु स्कूल अफ ई. एण्ड टेक्नोलोजी, बालाजु, काठमाडौं । |
| २. | लहान प्राविधिक शिक्षालय, लहान, सिरहा । |
| ३. | कर्णाली प्राविधिक शिक्षालय, जुम्ला । |
| ४ | सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी |
| ५. | राप्ती प्राविधिक शिक्षालय, दाङ्ग। |
| ६. | भेरी प्राविधिक शिक्षालय, नेपालगंज, बाँके । |
| ७. | जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा । |
| ८. | उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटा । |
| ९. | धवलागिरी प्राविधिक शिक्षालय, लेते, मुस्ताङ्ग । |
| १०. | पनौति प्राविधिक शिक्षालय, काभ्रे । |
| ११. | पोखरा स्कूल अफ टुरिजम एण्ड हस्पिटालिटी मेनेजमेण्ट, पोखरा । |
| १२ | नेपाल भारत मैत्री बहुप्राविधिक संस्था, हेटौडा, मकवानपुर । |
| १३. | स्कूल अफ हेल्थ साइन्स, भरतपुर, चितवन । |
| १४ | ग्रामीण तालीम केन्द्र, लम्जुङ्ग । |
| १५ | ग्रामीण तालीम केन्द्र, तनहुँ । |
| १६. | नेपाल बनेपा पोलिटेक्निक इन्ष्टिच्यूट, बनेपा, काभ्रे । |
| १७ | कोरिया नेपाल इन्ष्टिच्यूट अफ टेक्नोलोजी, तामनगर, रुपन्देही |
| १८ | सुम्निमा पोलिटेक्निक इन्ष्टिच्यूट, भोजपुर । |
| १९ | शंकरापुर पोलिटेक्निक इन्ष्टिच्यूट, साँखु, काठमाडौं । |
| २० | टिकापुर पोलिटेक्निक इन्ष्टिच्यूट, धनगढी, कैलाली । |
| २१ | गौर नर्सिङ्ग इन्ष्टिच्यूट, गौर, रौतहट । |

(ख) निर्माण सम्पन्नभै कार्यक्रम संचालनको अवस्थामा रहेका वहु-प्राविधिक शिक्षालयहरुको विवरण: (केन्द्रीय स्तरको योजना)

| सि.नं. | शिक्षालयको नाम |
|---|---|
| १ | नारायणी पोलिटेक्निक इन्ष्टिच्यूट, चितवन । |
| २ | गोरखा पोलिटेक्निक इन्ष्टिच्यूट, गोरखा । |
| ३ | बि.पी.स्मृति पोलिटेक्निक इन्ष्टिच्यूट, सपही, धनुषा । |
| ४ | सन्त अल्पमाई रामनारायण राय यादव नर्सिङ् कलेज, सर्लाही |

| | |
|---|---|
| ५ | धादिङ्ग पोलिटेक्निक इन्ष्टिच्यूट, गजुरी, काठमाडौं |
| ६ | मदन पोखरा पोलिटेक्निक इन्ष्टिच्यूट, पाल्पा । |
| ७ | जय किशान पोलिटेक्निक इन्ष्टिच्यूट, रौतहट । |
| ८ | भिमदत्त पोलिटेक्निक इन्ष्टिच्यूट, बैतडी । |
| ९ | एग्रो फरेष्ट्री पोलिटेक्निक इन्ष्टिच्यूट, अर्घाखाँची |
| १० | धवलागिरी पोलिटेक्निक इन्ष्टिच्यूट, बलेवा, बाग्लुङ्ग । |
| ११ | रोल्पा पोलिटेक्निक इन्ष्टिच्यूट, रोल्पा । |
| १२ | रामेछाप पोलिटेक्निक इन्ष्टिच्यूट, रामेछाप । |

(ग) कार्यक्रम संचालनको लागि सम्भाव्यता अध्ययन एवं विस्तृत डिजाइन कार्य भएका वहु प्राविधिक शिक्षालयहरुको विवरण:

| **सि.नं.** | **शिक्षालयको नाम** |
|---|---|
| १ | खोटाङ्ग पोलिटेक्निक इन्ष्टिच्यूट, नुनथला, खोटाङ्ग । |
| २ | बर्दिवास पोलिटेक्निक इन्ष्टिच्यूट, महोत्तरी । |
| ३ | माडी पोलिटेक्निक इन्ष्टिच्यूट, माडी, चितवन । |
| ४ | गजरकोट पोलिटेक्निक इन्ष्टिच्यूट, पुट्टार, तनहुँ । |
| ५. | रुकुम पोलिटेक्निक इन्ष्टिच्यूट, चौरजहारी, रुकुम । |
| ६. | बझा• पोलिटेक्निक इन्ष्टिच्यूट, अठला, बझाङ्ग । |
| ७ | व्यावसायिक प्राविधिक शिक्षालय, चापाकोट, स्याङ्जा |
| ८. | नेत्रलाल अभागी स्मृति प्राविधिक शिक्षालय, खलङ्गा सल्यान । |
| ९ | वलरा पोलिटेक्निक इन्ष्टिच्यूट, सर्लाही । |
| १० | गणेशमान स्मृति पोलिटेक्निक इन्ष्टिच्यूट, किर्तिपुर । |
| ११ | पन्चकोशी पोलिटेक्निक इन्ष्टिच्यूट, दैलेख । |
| १२ | पोलिटेक्निक इन्ष्टिच्यूट,वालिङ्ग, स्याङ्जा । |

अनुसूचि ३ः स्वीकृत दरवन्दी  संख्या (सेवा समुहका आधारमा तहगत कर्मचारीको विवरण)


| क्र. सं | पद र श्रेणी | केन्द्रीय स्तरमा रहेका कार्यालयहरुमा रहेको दरवन्दी संख्या | | | वहु/प्राविधिक शिक्षालय तालीम केन्द्रहरुमा रहेको दरवन्दी संख्या | | | जम्मा दरवन्दी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रा. | प्र. | जम्मा | प्रा. | प्र. | जम्मा | प्रा. | प्र. | जम्मा |
| १ | विशिष्ट श्रेणी | | | २ | | | | | | २ |
| २ | अधिकृत स्तर प्रथम श्रेणी | १४ | ७ | २१ | ५ | | ५ | १९ | ७ | २६ |
| ३ | अधिकृत स्तर द्धितीय श्रेणी | ४० | १२ | ५२ | ३६ | २ | ३८ | ७६ | १४ | ९० |
| ४ | अधिकृत स्तर तृतीय श्रेणी | ५७ | ३१ | ८८ | १४७ | १० | १५७ | २०४ | ४१ | २४५ |
| ५ | सहायक स्तर प्रथम श्रेणी | २२ | ५२ | ७४ | १४३ | ६३ | २०६ | १६५ | ११५ | २८० |
| ६ | सहायक स्तर द्धितीय श्रेणी | ५ | २० | २५ | ८४ | २३ | १०७ | ८९ | ४३ | १३२ |
| ७ | सबारी चालक (श्रेणी विहिन) | | १५ | १५ | | १६ | १६ | | ३१ | ३१ |
| ८ | कार्यालय सहयोगी (श्रेणी विहिन) | | २१ | २१ | | १०५ | १०५ | | १२६ | १२६ |
| जम्मा | | | | २९८ | | | ६३४ | | | ९३२ |


तालिका नं. २ः स्वीकृतको लागि यस अघि माग गरिएको जनशक्ति संख्या (सेवा समुहका आधारमा तहगत कर्मचारीको संख्या)

| क.सं. | पद र श्रेणी | माग गरिएको जनशक्ति संख्या | | |
|---|---|---|---|---|
| | | प्रा. | प्र. | जम्मा |
| १ | अधिकृत स्तर प्रथम श्रेणी | १५ | २ | १७ |
| २ | अधिकृत स्तर द्धितीय श्रेणी | ८२ | | ८२ |
| ३ | अधिकृत स्तर तृतीय श्रेणी | ३८८ | ३६ | ४२४ |
| ४ | सहायक स्तर प्रथम श्रेणी | १२३ | १०० | २२३ |
| ५ | सहायक स्तर द्धितीय श्रेणी | ७ | २ | ९ |
| ६ | सबारी चालक (श्रेणी विहिन) | | ७ | ७ |
| **जम्मा** | | ६१५ | १४९ | ७६२ |

प्रविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद

४ संघीय तहको प्रस्तावीत संगठन तालीका





राष्ट्रिय प्राविधिक परीक्षा बोर्ड(NTEB)
रजिष्ट्रेशन शाखा (Database)
परीक्षाव्यावस्थापन शाखा
प्रमाणपत्र वितरण तथा Verification शाखा
राष्ट्रिय सीप परीक्षण महाशाखा (NVQA)
रजिष्ट्रेशन शाखा (Database)
NOSS निर्माण तथा परिमार्जन शाखा
सीप परीक्षण व्यवस्थापन शाखा
प्रमाणपत्र तथा Verification शाखा
प्राविधिक प्रशिक्षण प्रतिष्ठान(TITI)
तालीम शाखा
उच्च शिक्षा शाखा
अनुगमन तथा अध्ययन अनुसन्धान शाखा
प्रशिक्षक प्रशिक्षण अनुमतिपत्र शाखा
योजना तथा प्रशासन शाखा

अनुसूचिः५संघीय तहमा रहने कार्यालय र जनशक्तिको प्रस्तावित विवरण

| क. | पद र श्रेणी | CTEVT | | TITI | | NSTB | | OCE | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रा. | प्र. | प्रा. | प्र. | प्रा. | प्र. | प्रा. | प्र. | प्रा. | प्र. |
| १ | विशिष्ट श्रेणी | २ | | १ | | १ | | १ | | ५ | |
| २ | अधिकृत स्तर प्रथम श्रेणी | ३ | १ | ५ | १ | १ | | | १ | ९ | ३ |
| ३ | अधिकृत स्तर द्धितीय श्रेणी | ७ | ७ | ७ | १ | २ | १ | १ | १ | १७ | १० |
| ४ | अधिकृत स्तर द्धितीय श्रेणी (कानुन/लेखा परिक्षण) | | २ | | | | | | | | २ |
| ५ | अधिकृत स्तर तृतीय श्रेणी | १२ | १० | ३ | २ | ८ | ४ | ५ | ९ | २८ | २५ |
| ६ | सहायक स्तर प्रथम श्रेणी | २ | ६ | २ | २ | २ | ३ | २ | ७ | ८ | १८ |
| ७ | सहायक स्तर द्धितीय श्रेणी | १ | ३ | १ | १ | १ | १ | १ | २ | ४ | ७ |
| ८ | सबारी चालक (श्रेणी विहिन) | | ६ | | २ | | २ | | २ | | १२ |
| ९ | कार्यालय सहयोगी (श्रेणी विहिन) | | ६ | | २ | | २ | | २ | | १२ |
| | जम्मा | २५ | ४१ | १८ | ११ | १४ | १३ | ९ | २४ | ६६ | ८९ |
| | **जम्मा (विशिष्ट श्रेणी समेत)** | | **६८** | | **३०** | | **२८** | | **३४** | **१६०** | |

अनुसूचि ६.प्रदेश तहको संगठन तालीका

## प्रविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## (.......**प्रदेश**)



- प्रादेशिक प्राविधिक परीक्षा वोर्ड
  - रजिष्ट्रेशन शाखा (Database)
  - प्रश्नपत्र निर्माण शाखा
  - परीक्षा संचालनशाखा
  - नतिजा प्रकाशन तथा प्रमाण पत्र वितरण शाखा
- प्रदेशिक सीप परीक्षण महाशाखा (NVQA)
  - रजिष्ट्रेशन शाखा (Database)
  - सीप परीक्षण प्रश्नपत्र निर्माण शाखा
  - सीप परीक्षण परीक्षा संचालन शाखा
  - नतिजा प्रकाशन तथा प्रमाण पत्र वितरण शाखा
- प्रदेशिक प्राविधिक प्रशिक्षण प्रतिष्ठान
  - तालीम शाखा
  - अनुगमन तथा अध्ययन अनुसन्धान
  - प्रशिक्षक प्रशिक्षण अनुमतिपत्र शाखा


## अनुसूचिः ७ प्रदेश तहमा रहने कार्यालय र जनशक्तिको प्रस्तावित विवरण

| क्र. सं. | पद र श्रेणी | १ प्रदेशको लागि आवश्यक जनशक्ति संख्या | | | | | | | | ७ प्रदेशको लागि आवश्यक जम्मा जनशक्ति | | मौजुदा दरबन्दीबाट व्यवस्था गर्न सकिने जनशक्ति संख्या | | आवश्यक थप जनशक्ति संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | CTEVT | | TITI | | NSTB | | NTEB | | | | | | | |
| | | प्रा. | प्र. | प्रा. | प्र. | प्रा. | प्र. | प्रा. | प्र. | प्रा. | प्र. | प्रा. | प्र. | प्रा. | प्र. |
| १ | विशिष्ट श्रेणी | १ | | | | | | | | ७ | | | | ७ | |
| २ | अधिकृत स्तर प्रथम श्रेणी | १ | १ | | | | | | | ७ | ७ | ५ | ४ | २ | १० |
| ३ | अधिकृत स्तर द्बितीय श्रेणी | ३ | २ | ३ | | १ | | | १ | ४९ | २१ | २४ | ० | २५ | २१ |
| ४ | अधिकृत स्तर तृतीय श्रेणी | ५ | ३ | ३ | १ | ५ | २ | ३ | १ | ११२ | ४९ | २९ | ६ | ८३ | ४३ |
| ५ | सहायक स्तर प्रथम श्रेणी | ४ | ४ | १ | १ | २ | २ | १ | २ | ५६ | ६३ | १४ | ३४ | ४२ | २९ |
| ६ | सहायक स्तर द्बितीय श्रेणी | २ | २ | | | १ | २ | १ | १ | २८ | ३५ | १ | १२ | २७ | २३ |
| ७ | सबारी चालक (श्रेणी विहिन) | | १ | | १ | | १ | | १ | | २८ | | ३ | ० | २५ |
| | कार्यालय सहयोगी (श्रेणी विहिन) | | २ | | १ | | १ | | १ | | ३५ | | ९ | ० | २६ |
| | जम्मा | १५ | १५ | ७ | ४ | ९ | ८ | ५ | ७ | २५२ | २३८ | ७३ | ६८ | १७९ | १७७ |
| जम्मा (विशिष्ट श्रेणी) | | ३१ | | ११ | | १७ | | १२ | | ४९७ | | १४१ | | ३५६ | |

अनुसूचि ८स्थानीयत तहको संगठनक तालीका

प्रविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**(स्थानीय तह)**



अनुसूचि ९ स्थानीय तहमा रहने जनशक्तिको प्रस्तावित विवरण

| क्र. सं. | पद र श्रेणी | वहु/प्राविधिक शिक्षालयहरु आवश्यक जनशक्ति | | | मौजुदा दरबन्दी बाट व्यवस्था गर्न सकिने संख्या | | | थप गर्नुपर्ने जनशक्तिको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रा. | प्र. | जम्मा | प्रा. | प्र. | जम्मा | प्रा. | प्र. | जम्मा |
| १ | अधिकृत स्तर प्रथम श्रेणी | २० | २ | २२ | ५ | | ५ | १५ | २ | १७ |
| २ | अधिकृत स्तर द्वितीय श्रेणी | ११८ | २ | १२० | ३६ | २ | ३८ | ८२ | | ८२ |
| ३ | अधिकृत स्तर तृतीय श्रेणी | ५३५ | ४६ | ५८१ | १४७ | १० | १५७ | ३८८ | ३६ | ४२४ |
| ४ | सहायक स्तर प्रथम श्रेणी | २६६ | १६३ | ४२९ | १४३ | ६३ | २०६ | १२३ | १०० | २२३ |
| ५ | सहायक स्तर द्वितीय श्रेणी | ९१ | २५ | ११६ | ८४ | २३ | १०७ | ७ | २ | ९ |
| ६ | सबारी चालक (श्रेणी विहिन) | | २३ | २३ | | १६ | १६ | | ७ | ७ |
| ७ | कार्यालय सहयोगी (श्रेणी विहिन) | | १०५ | १०५ | | १०५ | १०५ | | | |
| | जम्मा | | | १३९६ | | | ६३४ | ६१५ | १४७ | ७६२ |

नोट : प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियावली २०६९ मा रहेको ब्यवस्था अनुरुप विशेष बढुवाद्धारा बढुवा भई विभिन्न तहको सेवामा कार्यरत रहेका कर्मचारीहरुको पद माथि उल्लेखित पद र श्रेणीमा समायोजन नगरिएको ।